एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय पोखरा २९, हेम्जा कास्की

वित्तीय संस्थाको नेटवर्कको लागि Router, Firewall Device र UPS 5 KVA with Exide Battery खरिद गर्नका लागि सिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७३/१२/२०**

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय र संचालनमा रहेका ५० वटा शाखा कार्यालयहरुमा Network System upgrade गर्नको लागि Router र Firewall Device, UPS 5 KVA with Exide Battery खरिद गर्नुपर्ने भएकोले इजाजत पत्र प्राप्त फर्म, कम्पनी, संस्था वा सप्लायर्सहरुले देहाय बमोजिमको शर्तको अधिनमा रही रितपुर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखि १५ दिनभित्र वोलपत्र फारम यस कार्यालयमा इजाजत पत्र प्राप्त फर्म, कम्पनी, संस्था, सप्लायर्स वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक गरेको ब्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि, अद्यावधिक कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७२/०७३ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, नियम अनुसार बोलपत्र दस्तुर रु.१,००० (पछि फिर्ता नहुने गरी) तिरेको रसिद निवेदनका साथ पेश गरेपछि नियम अनुसार बोलपत्र फारम उपलब्ध गराइनेछ ।

२. खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी मिति २०७४/०१/०३ गते दिनको ३:०० वजेभित्र यस कार्यालयमा उपस्थित भई वोलपत्र दर्ता गराउने सकिनेछ ।

३. वोलपत्र फारमका साथ जमानत वापतको रकम यस वित्तीय संस्थाको नाममा एनएमबि बैंक लि. पोखरा शाखामा रहेको खाता नं.००६००४००१५८०५५००००००५ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको लेखा विभागमा दाखिला गरेको नगदी रसिद संलग्न गर्नुपर्नेछ । यसरी पेश गरिने भौचर वा नगदी रसिद यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

४. दर्ता हुन आएका सिलवन्दी वोलपत्र फारमहरु यस वित्तीय संस्थामा वोलपत्रदाताहरु व निजको प्रतिनिधिहरुको रोहवरमा मिति २०७४/०१/०६ गते दिनको २:०० वजे खोलिनेछ तर निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघी आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आइटमको दररेट भ्याटवाहेकको अंक र अक्षरमा वुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. वोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

७. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।